**मुख्यमन्त्री**

प्रदेश नं.१, विराटनगर

# शुभकामना

इस्लाम धर्मावलम्बीहरूको महान् चाड ईद (ईद-उल-फित्र) पर्वको सुखद् अवसरमा देश, विदेशमा रहनुहुने सम्पूर्ण मुस्लिम दाजुभाइ, दिदीबहिनीहरूसहित सबै नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु र प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

इस्लाम धर्मावलम्बीहरूको महान चाड 'ईद उल फित्र' पवित्र रमजानको एक महिने कठोर उपवासपछिको अन्तिम दिनमा पर्दछ । यो दिन पर्व मनाउन आकाशमा देखिने चन्द्रमाको आकार महत्वपूर्ण हुन्छ । एक महिनाको उपवासपछि साँझमा अर्धचन्द्रकार चन्द्रमा आकाशमा देखिएमा रमजान महिनाको कठिन ब्रत समापन हुने र ईद-उल-फित्र' पर्व प्रारम्भ हुने गर्दछ ।

मुस्लिम समुदायले मनाउने यो पर्व एउटा उत्साह र समानताको प्रतीक पनि हो । जहाँ परिवार र समुदायका हरेक व्यक्ति चाहे धनी हुन् वा गरीब आपसमा मुस्कान र सदाचारका शुभेच्छासहित एक अर्कामा अङ्गालोमा बाँधिएर शुभकामना आदानप्रदान गर्दछन् । आपसी सद्भावको चाडको रूपमा मनाइने यो पर्वले सबै नेपाली बीच बन्धुत्वको भावना बढाउन, सामाजिक सद्भाव अभिवृद्धि गर्न तथा सहकार्यको बाटोमा अघि बढ्न प्रेरित गरेको छ ।

नेपाल सदियौंदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुकका रुपमा रहेको छ । यो कुरालाई नेपालको संविधानले स्वीकारसमेत गरेको छ । त्यतिमात्र होइन यो विविधता नेपाल र नेपालीको पहिचान, गहना र सम्पत्तिसमेत बनिसकेको छ । त्यसैले सबै भाषा, धर्म, संस्कृति, चाडपर्वको संरक्षण एवम् सम्बर्द्धन गर्नु राज्य र सम्पूर्ण नेपालीको साझा दायित्व हो ।

हाम्रा जुनसुकै पर्वहरू राष्ट्रिय एकताको माध्यम बन्न सकोस् र यी पर्वहरूबाट सबैमा एकताको भावना विकास गराउन सहयोग पुगोस् भन्ने अपेक्षासहित फेरि पनि संसारभरि फैलिएर रहेका मुस्लिम दाजुभाइ, दिदीबहिनीहरूसहित सबै नेपालीहरूमा ईद-उल-फित्रका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्रकुमार राई
मुख्यमन्त्री

मिति : २०७९ बैशाख २० गते, मंगलबार